# पोखरा महानगरपालिका
## नगरकार्यपालिकाको कार्यलय
## आर्थिक बिकास महाशाखा
## कृषि बिकास शाखा

**पोखरा महानगरपालिकामा कृषि कार्यक्रम प्रवर्द्धनको लागिआवेदन माग सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०६/९

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ मा यस पालिका भित्र कृषि सामग्री उत्पादन, प्रोत्साहन तथा बजारीकरण प्रवर्द्धनको लागि तपशिल अनुसारका सहयोग तथा अनुदानमूलक कार्यक्रमहरु रहेकोले ईच्छुक कृषि फर्म, कम्पनी, समिति, संजाल, समूह, सहकारीहरूले आफूलाई आवश्यक पर्ने कार्यक्रमहरुमा यही **मिति २०८३ कार्तिक १२ गते सम्म** रितपूर्वक आवेदन दिनुहुन अनुरोध छ। महानगरपालिकाले कार्यक्रमको औचित्यता अनुसार सार्वजनिक क्षेत्रमा संचालन गरिने गतिविधिको लागि १०० प्रतिशत अनुदान, संस्थागत रुपमा साना सिंचाई कार्यक्रमको लागि ८५ प्रतिशत अनुदान, समूह, सहकारी, संजालको सहभागितामा सामूहिक हितमा हुने कार्यक्रमका लागि ७० प्रतिशत र व्यक्तिगत कृषक, फर्म तथा कम्पनीको लागि बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सक्नेछ। रितपूर्वक भरेका आवेदन कागजातसहित सम्बन्धित कृषि सेवा केन्द्र तथा कार्यालयमा बुझाउन सकिने छ वा अनलाइन मार्फत यो लिंक https://apms.pokharakrishi.com/node/add/program-demand-form क्लिक गरेर आउने फर्म अनुसारको विवरण तथा कागजात संलग्न गरी बुझाउन सकिने भएकोले समयमै आवेदन दिनुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | परिमाण | बजेट रु. हजारमा |
|---|---|---|---|
| **१** | **कृषि उत्पादन सामाग्री** | | |
| १.१ | मल, बिउ, बिरुवा, प्लास्टिक, मल्चिंग, थोपा सेट, स्प्रेयर, असिना छेक्ने जाली, मौरी घार आदि ५० प्रतिशत अनुदानमा वितरण | माग अनुसार | २००० |
| १.२ | कम्तिमा १०० रोपनीको क्लष्टरमा हिउदे खेतिका लागि जग्गा तयारीमा ट्र्याक्टर प्रयोग बिउ मल सिचाई र प्रशोधनमा ५० % साझेदारी | १००० रोपनी | १००० |
| १.३ | प्रांगारिक कृषि प्रबर्द्धन : प्रांगारिक कृषि प्रबर्द्धन सहयोग कार्यक्रम | माग अनुसार | ५०० |
| १.४ | स्थानीय पशुपंक्षी फार्ममा उत्पादित मल खरिद तथा ढुवानीको लागि ५०% लागत साझेदारी सहयोग कार्यक्रम | माग अनुसार | ५०० |
| १.५ | बीउ आलु उत्पादन तथा उन्नत बिउ वितरण कार्यक्रम | माग अनुसार | १००० |
| १.६ | शहरी कृषि कौशी खेति प्रबर्द्धन कार्यक्रम ( उत्पादन सामग्री, कम्पोस्ट बिन, प्रदर्शन, आदि) | माग अनुसार | २०० |
| १.७ | कम्तिमा १ रोपनीमा १०० बिरुवा कफी खेती गर्नेलाई प्रति बिरुवा रोपे बापत ५० रुपैया प्रोत्साहन | माग अनुसार | ५०० |
| १.८ | तरबुजा खेती प्रबर्द्धन कार्यक्रम | | २०० |
| १.९ | चैते धान प्रबर्द्धन कार्यक्रम | | ३०० |
| **२** | **कृषि यान्त्रिकरण** | | |
| २.१ | मिनिटिलर, मिल, थ्रेसर, पल्पिंग मेसिन, मल्चिंग गर्ने मेसिन, पावर स्प्रेयर, प्रशोधन मेसिन लगायतका कृषि यन्त्रहरु ५० प्रतिशत अनुदानमा वितरण | माग अनुसार | २००० |
| २.२ | यन्त्र उपकरण प्रयोग तालिम पुराना मेशिनरी मर्मत अभियान | माग अनुसार | ३०० |
| **३** | **साना सिंचाई कार्यक्रम, मर्मत सम्भार तथा माछा पोखरी निर्माण सहयोग** | | |
| ३.१ | नयाँ कुलो, पुरानो कुलो, मर्मत सम्भार, थोपा सिंचाई, प्लाष्टिक पोखरी, पाइप ट्यांकी | माग अनुसार | ४००० |

Head of Division

CamScanner

| | | | |
|---|---|---|---|
| | निर्माण सहयोग | | |
| ३.२ | माछा पोखरी निर्माण/मर्मत/केजमा माछा पालन/माछा भुरा वितरण कार्यक्रम | माग अनुसार | ५०० |
| ४ | **कृषि बजारीकरण तथा प्रबर्द्धनात्मक कार्यक्रम** | | |
| ४.१ | स्थानीय कृषि उपज कोल्ड स्टोर/रुममा राखे बापत बिउको लागि ५०% र अन्य उपजको लागि २५% सहयोग | माग अनुसार | ३०० |
| ४.२ | सुचिकृत बजारमा न्युनतम समर्थन मूल्य सहयोग सूचिकृत बजारमा खरिद बिक्रि गर्दा स्थानीय उत्पादित मुख्य कृषि उपजको न्युनतम समर्थन मूल्यमा अनुदान भुक्तानी | माग अनुसार | ३५०० |
| ४.३ | कृषि उपज संकलन तथा बिक्री केन्द्र, किसान बजार, निर्माण, संचालन, स्तरोन्नति, नियमन ब्यवस्थापन तथा प्रबर्द्धन सहयोग | माग अनुसार | ५०० |
| ४.४ | कृषि उपज संकलन केन्द्र, किसान बजार, साझेदार बजारमा संकलन भएका उत्पादनमा तोकिएको न्युनतम समर्थन मूल्यको १०% का दरले प्रोत्साहन सहयोग | माग अनुसार | २००० |
| ४.५ | साझेदारीमा बजार व्यवस्थापन सहयोग | माग अनुसार | १००० |
| ४.६ | स्थानीय उत्पादन प्रबर्द्धन कार्यक्रम तथा मेला महोत्सव दिवस समारोह सहयोग | माग अनुसार | १००० |
| ५ | **शसर्त कार्यक्रम** | | |
| ५.१ | आ.व.२०८२/०८३ मा स्थापना भएको मौरी पकेट विकास कार्यक्रम निरन्तरता | १ | ६०० |
| ५.२ | आ.व.२०८३/०८४ मा तरबुजा पकेट बिकास कार्यक्रम संचालन | १ | १२०० |
| ५.३ | कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुद्रिढिकरण कार्यक्रम | माग अनुसार | ४०० |
| ५.४ | माटो स्वास्थ्य सुधार कार्यक्रम ( प्रांगारिक तथा जैविक विषादी, कृषि चुन,आदि ) | माग अनुसार | ७०० |
| ५.५ | खुमल जातका मसिना तथा बास्नादार धान बीउ उत्पादन कार्यक्रम | माग अनुसार | १०५० |
| ६ | **साझेदारी कार्यक्रम** | | |
| ६.१ | वडा स्तरीय कृषि संजालको साझेदारीमा कृषि तथा पशु प्रवर्द्धन कार्यक्रम ( वडा नं १ देखि १० र १२ मा रु.५० हजार र अन्य वडाहरु मा रु. १ लाख सहयोग ) | ३३ | २७५० |

**आवश्यक कागजात :**

- कृषक अनलाइन वर्गिकरण हुनुपर्ने, सोको लागि अनलाइन मार्फत https://apms.pokharakrishi.com/online-farmer-classification यो लिंक क्लिक गरि भर्न सकिन्छ वा कृषि सेवा केन्द्र वा कार्यालयमा सम्पर्क गर्नुहोला ।
- फर्म,संघ संस्थाको नियमानुसार दर्ता/नवीकरण तथा प्यान दर्ता भइ सोको करचुक्ता सहित बार्षिक रुपमा नविकरण भएको हुनुपर्नेछ ।
- समूह, सहकारी, संजालको माग भएमाको कसले के माग गरेको हो एकिन खुल्ने गरि संस्थाको निर्णय पेश गर्नुपर्ने ।
- सम्बन्धित वार्ड कार्यालयको सिफारीस पेश गर्नुपर्नेछ ( कृषि उत्पादन सामग्रीको लागि मात्र भए आवश्यक नपर्ने ) ।

नोट : एक ब्यक्ती वा संस्थाले बढीमा ३ वटा सम्म कार्यक्रम माग गर्न सक्नेछ ।

थप जानकारी वा नियमित सूचनाको लागि कृषि / पशु सेवा केन्द्र, कृषि बिकास शाखा, पोखरा सभागृहमा, वेवसाइटः pokharakrishi.gov.np वा Pokhara Krishi मोबाइल एप, कार्यालयको सम्पर्क नम्बर ०६१-४५७८९४, सूचना अधिकारी - ९८४६१०९३३२, महाशाखा प्रमुख - ९८५६०५३३२० मा सम्पर्क गर्नुहोला । धन्यवाद ।

Head of Division

CamScanner